# जनकपुरधाम उपमहानगरपालिका

## जनकपुरधाम पर्यटन समन्वय समिति सञ्चालन निर्देशिका २०७८

**प्रस्तावना :** नेपालका प्रथम राष्ट्रिय विभूति राजर्षि जनकको प्राचीन मिथिला राज्यको राजधानीका रूपमा प्रसिद्ध जनकपुरधामलाई देशकै सांस्कृतिक राजधानीका रूपमा विकास गर्ने अभिप्रायले यहाँका अमूल्य प्राकृतिक स्रोत-सम्पदाका साथै मूर्त (Tangible) एवं अमूर्त (Intangible) सांस्कृतिक सम्पदा र मिथिला कला, संस्कृति तथा सभ्यताको संरक्षण तथा संवर्द्धन गरी नगरका धार्मिक, सांस्कृतिक, आर्थिक औद्योगिक, व्यापारिक तथा कृषि एवम् पर्यटन क्षेत्र समेतको प्रवर्द्धन तथा विकासका माध्यमबाट जनकपुरधामको पहिचान र छविलाई राष्ट्रिय तथा अन्तर्राष्ट्रिय जगतमा स्थापित एवं प्रतिष्ठित गर्नका लागि आवश्यक संस्थागत व्यवस्था गर्नु वाञ्छनीय भएकाले,

स्थानीय सरकार संचालन ऐन, २०७४ वमोजिम जनकपुरधाम उपमहानगरपालिकाको नगर सभाले यो निर्देशिका बनाएको छ ।

### परिच्छेद (१)

### प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भ :

(क) यो निर्देशिकाको नाम'जनकपुरधाम पर्यटन समन्वय समिति सञ्चालन निर्देशिका,२०७८'रहेको छ ।

(ख) यो निर्देशिका स्थानीय राजपत्रमा प्रकाशन गरेको मितिदेखि लागू हुनेछ ।

२. परिभाषा : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस निर्देशिकामा,

(क) 'उपमहानगरपालिका' भन्नाले जनकपुरधाम उपमहानगरपालिकालाई सम्झनु पर्छ ।

(ख) 'नगर प्रमुख' भन्नाले जनकपुरधाम उपमहानगरपालिकाको नगर प्रमुखलाई सम्झनु पर्छ ।

(ग) 'कार्यपालिका' भन्नाले उपमहानगरपालिकाको कार्यपालिकालाई सम्झनु पर्छ ।

(घ) 'समन्वय समिति' भन्नाले यस निर्देशिकाको दफा ४ अनुसार गठित जनकपुरधाम पर्यटन समन्वय समितिलाई सम्झनु पर्छ ।

(ङ) 'कार्यदल' भन्नाले जनकपुरधाम पर्यटन समन्वय समितिलाई आवश्यक परामर्श तथा सल्लाह सहयोग प्रदान गर्न यस निर्देशिकाका दफा १२ अनुसार गठित जनकपुरधाम पर्यटन समन्वय समिति-कार्यदल समूहलाई सम्झनु पर्छ ।

(च) **'समन्वय समिति- जे.एच.भी. ब्यूरो'** भन्नाले जनकपुरधामको सम्पदा संरक्षण तथा पर्यटन प्रवर्द्धन र विकासका लागि समन्वय समितिको कार्य सम्पादन सम्बन्धमा आवश्यक सुझाव ,परामर्श र सहयोग दिन तथा सम्पदा संरक्षण , पर्यटन प्रवर्द्धन र विकासको अभियानमा स्वंयसेवक सेवा प्रदान गर्न गराउन

यस निर्देशिको दफा १४ अनुसार गठित जनकपुरधाम पर्यटन समन्वय समिति- जे.एच.भी. ब्यूरोलाई सम्झनु पर्छ ।

(छ) 'पर्यटन केन्द्र' भन्नाले यस निर्देशिकाका दफा ९ अनुसार उपमहानगरपालिकाले स्थापना गरेको जनकपुरधाम पर्यटन केन्द्रलाई सम्झनु पर्छ ।

(ज) 'सरोकारवाला' (Stakeholders) भन्नाले उपमहानगरपालिका, प्रदेश नं. २ सरकार र नेपाल सरकारका सम्बन्धित निकायहरू, वडा, उद्योगी, व्यवसायी तथा सम्बन्धित स्थानस्थित मठमन्दिरका पदाधिकारी एवं प्रतिनिधिहरू र सम्बन्धित समुदायसमेत समष्टिगत रूपमा सम्झनु पर्छ ।

## परिच्छेद (२ )

## समन्वय समितिको उद्देश्यहरू

३. समन्वय समितिका उद्देश्यहरू :

यस निर्देशिकाको दफा ४ बमोजिम गठित जनकपुरधाम पर्यटन समन्वय समितिका उद्देश्यहरू देहायबमोजिम हुनेछन् :

(१) पर्यटनलाई उपमहानगरपालिकाको आर्थिक र सामाजिक विकासका लागि एक प्रभावकारी क्षेत्रको रूपमा प्रवर्द्धन गर्ने,

(२) मिथिला संस्कृति, साहित्य, कला, विज्ञान विषयहरूमा खोज अनुसन्धान गरी सम्बन्धित समुदायको आय-आर्जन बढाउने गरी पर्यटन प्रवर्द्धन र विकास गर्ने,

(३) सांस्कृतिक पर्यटन, ईको पर्यटन (Cultural tourism, Eco-tourism), सम्मेलन पर्यटन (Convention tourism), कृषिपर्यटन (Agro tourism) तथा हरित पर्यटन (Green tourism) जस्ता पर्यटनका विविध आयामहरूलाई अध्ययन गरी उपयुक्त र तुलनात्मक रूपमा बढी लाभदायी हुने आयामहरू समावेश गरी वार्षिक र बहुवार्षिक कार्यक्रम बनाउन सुझाव पेस गर्ने,

(४) पर्यटकहरूको बसाइ अवधि बढाउन, गुणस्तरीय पर्यटकीय सेवा र सुरक्षाको व्यवस्था गर्न अख्तियार गर्नुपर्ने नीति र रणनीति बारे सुझाव दिने,

(५) उपमहानगरपालिकाभित्रका ऐतिहासिक सागर, पोखरी, कुवा, ताल, नदीलगायत प्राकृतिक सम्पदाहरूको संरक्षण र संवर्द्धन गर्न सम्बन्धित सरोकारवालाहरूसँग उपमहानगरपालिकाको सहकार्यका लागि आवश्यक सुझाव पेस गर्ने,

(६) ऐतिहासिक र पुरातात्विक महत्वका जानकी मन्दिर, राम मन्दिर, जनक मन्दिर तथा मठहरूसमेतका सांस्कृतिक सम्पदाहरूको संरक्षण र संवर्द्धन गर्न सम्बन्धित मठ-मन्दिर तथा गुठीसँग उपमहानगरपालिकाको सहकार्यका लागि रणनीतिक कार्य योजनासहितका आवश्यक सुझावहरू उपमहानगरपालिकामा पेस गर्ने,

(७) उपमहानगरपालिकाले पर्यटन प्रवर्द्धन र विकासका लागि स्थानीय तहमा पर्यटन प्रवर्द्धनको संस्थागत संरचना निर्माण गरी सञ्चालन गर्ने सन्दर्भमा आन्तरिक र बाह्य स्रोत परिचालन र कार्यक्रमबारे उपमहानगरपालिकाले तोकेको कार्यहरू गर्ने,

(८) पर्यटन प्रवर्द्धन र विकासका लागि अन्य गाउँपालिका तथा नगरपालिका जस्ता स्थानीय तहसँग आवश्यक समन्वय र सामन्जस्य गर्नुपर्ने विषयहरूमा सम्बन्धित विशेषज्ञहरू तथा सरोकारवालाहरूसमेतको सहभागितामा छलफल परामर्श गरी गर्नुपर्ने ठोस कार्यहरूका सम्बन्धमा सुझावसहितको प्रतिवेदन उपमहानगरपालिकामा पेस गर्ने,

(९) उपमहानगरपालिकाले प्रदेश नं २ सरकारका सम्बन्धित निकायहरू र नेपाल सरकारका सम्बन्धित मन्त्रालय निकायहरूसँग पर्यटन प्रवर्द्धन र विकासका सम्बन्धमा स्रोत परिचालन, समन्वय र सहकार्यका लागि आवश्यक सुझावहरू पेस गर्ने,

(१०) पर्यटन पूर्वाधारको विकासका लागि स्थानीय उद्योगी, व्यवसायी र लगानीकर्ताहरूलाई परिचालन गर्ने र सरकारी, सहकारी र निजीक्षेत्र पारस्परिक साझेदारी र सहकार्यलाई प्राथमिकताका साथ अगाडि बढाउने,

(११) पर्यटन लगानी कोष (Tourism Investment Fund) को स्थापना र सञ्चालन सम्बन्धमा अध्ययन गरी उपमहानगरपालिकामा प्रतिवेदन पेस गर्ने,

(१२) जनकपुरधाम भ्रमण गर्ने पर्यटक, तीर्थालु, अन्य यात्रीहरूसँग उपमहानगरपालिकाका नागरिकले गर्ने भद्र व्यवहार, आदर सत्कारका लागि नागरिक समाज, विद्यालय र सामुदायिक संघसंस्थाहरूसँग सहकार्य गरी समय समयमा नागरिक शिक्षा एवं जन चेतना वृद्धिका लागि आवश्यक कार्यक्रम सञ्चालन गर्ने,

(१३) मठ-मन्दिरका व्यवस्थापकहरू, होटल व्यवसायी तथा व्यापारिक समाजसँगको सहकार्यमा पर्यटकीय सेवाहरूको गुणस्तर अभिवृद्धि गर्ने,

(१४) पर्यटकहरूको आगमन हुने चाडपर्व तथा विशेष अवसरहरूमा पर्यटकीय सूचना प्रवाह गर्ने र जनकपुरधाम पर्यटन केन्द्रसँग समन्वय गरी स्वयं सेवकहरूलाई अभिमुखीकरण तथा तालिम प्रदान गर्ने,

(१५) प्रचलित कानुनबमोजिम वैदेशिक स्रोत सहयोग परिचालन गर्न पहल गर्ने र आवश्यक सुझावहरू पेस गर्ने,

(१६) जनकपुरधामस्थित रामजानकी मन्दिर तथा जनकपुरधाम क्षेत्र युनेस्कोको विश्व सम्पदा सूचीमा सूचीकृत भएमा पर्यटन प्रवर्द्धनमा सहयोग पुग्ने भएकाले सूचीकृत गर्न उपमहानगरपालिकाबाट हाल भइरहेका काम सम्पन्न गरी सफल बनाउन सबै सरोकारवालाहरूको समन्वयात्मक सहयोग जुटाउने,

(१७) उपर्युक्त उद्देश्यहरू हासिल गर्न उपमहानगरपालिकाले अवलम्बन गर्नुपर्ने तत्काल, मध्यमकालीन र २० वर्षे दीर्घकालीन आवधिक रणनीतिक कार्यक्रम र कार्ययोजना तर्जुमा गरी उपमहानगरपालिकामा निर्णयार्थ पेस गरी कार्यान्वयन गर्ने ।

## परिच्छेद (३)

## समन्वय समितिको गठन र सचिवालय सम्बन्धी व्यवस्था

### ४. समन्वय समितिको गठन :

नगर प्रमुखले निर्देशिकाको दफा ३ मा उल्लिखित उद्देश्यहरू हासिल गर्न देहायबमोजिमका २५ सदस्यीय जनकपुरधाम उपमहानगरपालिका पर्यटन समन्वय समिति गठन हुनेछ :

| क.सं. | प्रतिनिधित्व | | समन्वय समितिका पद |
|---|---|---|---|
| | क्षेत्र, संस्था | पद | |
| १ | जनकपुरधाम उपमहानगरपालिका | प्रमुख | अध्यक्ष |
| २ | जनकपुरधाम उपमहानगरपालिका | उप प्रमुख | सदस्य |
| ३ | जनकपुरधाम उपमहानगरपालिका | प्रमुख प्रशासकीय अधिकृत | सदस्य |
| ४ | जिल्ला प्रशासन कार्यालय | प्रतिनिधि | सदस्य |
| ५ | मठ मन्दिर | प्रतिनिधि | सदस्य |
| ६ | सांस्कृतिक तथा कुटी तर्फबाट | प्रतिनिधि | सदस्य |
| ७ | गुठी संस्थान | प्रतिनिधि | |
| ८ | वृहत्तर जनकपुरधाम क्षेत्र विकास परिषद | प्रतिनिधि | सदस्य |
| ९ | प्रदेश नं.२ सरकारको पर्यटन सम्बन्धी मन्त्रालय | प्रतिनिधि | सदस्य |
| १० | जिल्ला प्रहरी कार्यालय | प्रतिनिधि | सदस्य |
| ११ | नेपाल पर्यटन बोर्ड कार्यालय | प्रतिनिधि | सदस्य |
| १० | जनकपुरधाम उद्योग वाणिज्य संघ | प्रतिनिधि | सदस्य |
| ११ | जनकपुरधाम उपमहानगरपालिका वडा अध्यक्षहरूका तर्फबाट | प्रतिनिधि | सदस्य |
| १२ | जनकपुरधाम उपमहानगरपालिका नगर लेखा प्रमुख | प्रतिनिधि | सदस्य |
| १३ | सम्बन्धित परियोजना प्रमुखबाट | प्रतिनिधि | सदस्य |
| १४ | सम्बन्धित क्षेत्रका महिला विज्ञ | प्रतिनिधि | |
| १५ | संस्कृति पर्यटन विज्ञ | प्रतिनिधि | सदस्य |
| १६ | सम्बन्धित क्षेत्रका सामाजिक संघ संस्था वा सम्पदाविज्ञ (२ जनामा १ महिला समेत) | २ जनाप्रतिनिधि | सदस्य |
| १७ | सम्बन्धित क्षेत्रका पत्रकार विज्ञ, संघ संस्था (२ जनामा १ महिला समेत) | २ जनाप्रतिनिधि | सदस्य |
| १८ | सम्बन्धित क्षेत्रका मिथिला कला व्यवसायी वा संघ संस्था वा विज्ञ (१ जनामहिला) | प्रतिनिधि | |
| १८ | सम्बन्धित क्षेत्रका पर्यटन संघ संस्था (२ जनामा १ महिलासमेत) | २ जनाप्रतिनिधि | सदस्य |
| २० | जनकपुरधाम उपमहानगरपालिका, जनकपुरधाम पर्यटन केन्द्र | प्रमुख अधिकृत | सदस्यसचिव |

## ५. समन्वय समितिको सदस्यहरूमा थपघट :

नगर कार्यपालिकाले आवश्यकता अनुसार समन्वय समितिमा सदस्यहरू थपघट गर्न सक्नेछ । समन्वय समितिको अध्यक्षले,सम्वन्धित स्वंयसेवक, समाजसेवी, महिला, विज्ञ समावेश गरी बढीमा ५ महिला सहित वढीमा १० जना सदस्यहरु समन्वय समितिमा थप गर्न सकिने छ ।

## ६. समितिको कार्यवधि :

समन्वय समितिको कार्यवधि गठन भएको मितिले तीन वर्षको हुनेछ । कार्यपालिकाले समितिको कार्यवधि आवश्यकता अनुसार थप गर्न सक्नेछ ।

## ७. समन्वय समितिको बैठक र सचिवालय सम्बन्धी कार्य :

समन्वय समितिका अध्यक्षले तोकेको मिति, समय र स्थानमा कम्तीमा महिनाको एक पटक र आवश्यकता अनुसार समन्वय समितिको बैठक बस्नेछ । यस निर्देशिकाको दफा (९) बमोजिम जनकपुरधाम पर्यटन केन्द्र स्थापना भएपछि सो केन्द्रले समन्वय समितिको सचिवालय सम्बन्धी कार्य सम्पादन गर्नेछ । सो केन्द्र स्थापना भई सञ्चालन नहुन्जेल संयोजकले तोकेको उपमहानगरपालिकाको कम्तीमा एक जना कर्मचारीले समितिसम्बन्धी तोकिएका कार्यहरू उपमहानगरपालिकाको प्रमुख प्रशासकीय अधिकृतको सुपरीवेक्षण र नगर प्रमुखको निर्देशन र नियन्त्रणमा रही सम्पादन गर्नेछ ।

# परिच्छेद (४)

# समन्वय समितिको काम, कर्तव्य र अधिकार

## ८.समन्वय समितिका कार्यहरू :

समन्वय समितिको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछ :

(१) माथि दफा ३ मा उल्लिखित उद्देश्यहरू अनुसारका कार्यहरू गर्ने ।

(२) जनकपुरधामलाई एक प्रमुख पर्यटकीय गन्तव्यस्थलका रूपमा स्थापित गर्न आवश्यक कार्यक्रमहरू तर्जुमा गर्ने ।

(३) उपमहानगरपालिका भित्रका धार्मिक तीर्थस्थलहरूको प्रवर्द्धन तथा संवर्द्धन हुने गरी पर्यटनसम्बन्धी कार्यक्रमहरू तयार गर्ने ।

(४) वार्षिक पर्यटकीय कार्यक्रम तयार पार्ने र आवश्यक बजेटको व्यवस्थाका लागि उपमहानगरपालिकामा पेस गर्ने ।

(५) उपमहानगरपालिकाका तर्फबाट प्रदेश नं २ र नेपाल सरकारसँग पर्यटन प्रवर्द्धन र विकास विषयमा समन्वय गर्ने ।

(६) समितिको बैठक तथा सोसँग सम्बन्धित सेमिनार, कार्यशाला, सम्मेलनको अयोजना गर्ने ।

(७) जनकपुरधामको पर्यटन प्रवर्द्धन र विकासका लागि सहयोग हुने किसिमका मिथिला संस्कृति, साहित्य, कला आदि विषयमा अनुसन्धान गर्न विशेषज्ञहरूको रोस्टर बनाउने ।

(८) 'अतिथिदेवो भवः', 'वसुधैव कुटुम्बकम्' तथा 'सर्वे भवन्तु सुखिनः' जस्ता शास्त्रीय वचनहरू अनुरूप पर्यटकहरूलाई जनकपुरधामका बासीहरूले गर्ने आदर सत्कार व्यवहारबाट नगरको गरिमा बढ्ने भएकाले नागरिक शिक्षा बढाउने कार्यहरू गर्ने ।

(९) नगर सरसफाइ तथा वातावरणीय स्वच्छतामा विशेष जोड दिन नागरिक चेतना मूलक गतिविधिहरू सञ्चालन गर्ने ।

(१०) पर्यटकको सुरक्षा व्यवस्था बढी चुस्त र प्रभावकारी बनाउन नेपाल सरकार र प्रदेश नं २ सरकारका सुरक्षानिकायहरूसँग समन्वय गर्ने ।

(११) निजी पर्यटन व्यवसायीहरू, होटल सञ्चालक तथा व्यवसायीहरूको कार्यदक्षता विकास हुने गरी अभिमुखीकरण कार्यक्रम सञ्चालन गर्ने ।

(१२) सम्मेलन पर्यटन, धार्मिक पर्यटन, हरित पर्यटन, सांस्कृतिक पर्यटनको रूपमा जनकपुरधामको विकास गर्न आवश्यक पूर्वाधार सडक, होटल लज तथा इलेक्ट्रोनिक सञ्चार सेवाको विकास गर्ने ।

(१३) जनकपुरधाम पर्यटनसम्बन्धी सूचना अद्यावधिक रूपमा वेवसाइटबाट प्रवाह गर्न एक छुट्टै वेवसाइट बनाउने र नियमित रूपमा अद्यावधिक सूचना प्रवाह गर्ने ।

(१४) स्थानीय सञ्चारमाध्यम दैनिक साप्ताहिक पत्रिकाहरू, रेडियो टेलिभिजनलाई पर्यटन प्रवर्द्धन सामग्री उत्पादन प्रसारण र प्रकाशनका लागि उत्प्रेरित गर्ने ।

(१५) स्थानीय कलाकारहरूलाई मिथिला संस्कृति र सामाजिक परम्परामा अधारित गीत संगीत, नाटक र रंगमञ्च प्रदर्शन गर्न प्रोत्साहित गर्ने र यस्ता कार्यहरूमा सहजीकरण गर्ने ।

(१६) पर्यटकको आगमन हुने मेला चाडपर्वहरूमा स्थानीय उत्पादनका सामग्रीहरूको बजार विस्तार गरेमा आयआर्जन तथा आर्थिक वृद्धि हुने भएकाले स्थानीय उत्पादकहरूको क्षमता अभिवृद्धि गर्न स्थानीय उद्योग वाणिज्य संघसँग सहकार्य गरी सीप उद्यम विकास तालिमका लागि सहजीकरण गर्ने ।

(१७) विदेशमा बसेका गैरअवासीय नेपालीहरूसँग सम्पर्क र समन्वय गरी जनकपुरधामको पर्यटन प्रवर्द्धन र विकासका लागि विदेशी सेलिब्रेटीहरू तथा उच्च व्यक्तित्वहरूको जनकपुरधामको भ्रमणका लागि प्रोत्साहन गर्ने ।

(१८) विदेशी पर्यटकको अभिवृद्धि गर्ने उद्देश्यले विदेशी मुलुकका सहरहरूको पहिचान गरी ती सहरहरूसँग जनकपुरधाम उपमहानगरपालिकाको भगिनी सम्बन्ध स्थापना गर्न सिफारिस गर्ने

(१९) उपमहानगरपालिका, समन्वय समिति र केन्द्रले सञ्चालन गरेका अयोजना, कार्यक्रम र गतिविधिको बजेट तर्जुमा गर्ने, कार्यान्वयन, व्यवस्थापन, अनुगमन, समीक्षा, मूल्यांकन गर्ने ।

(२०) स्थानीय साधनस्रोत र जनसहभागिताको परिचालनमा विशेष जोड दिने ।

(२१) जनकपुरधाम सम्पदा तथा स्वंयसेवक ब्यूरो ( Janakpurdham Heritage and Volunteer Bureu-JHVBureu, जे एच भी ब्यूरो ) गठन तथा परिचालनमा विशेष जोड दिने ।

(२२) पर्यटन लगानी कोष स्थापना र सञ्चालन सम्बन्धमा अध्ययन गरी प्रतिवेदन पेस गर्ने ।

(२३) उपमहानगरपालिकाले तोकेका अन्य कार्यहरू गर्ने ।

## परिच्छेद (५)

## पर्यटन केन्द्रको स्थापना र प्रमुखसम्बन्धी व्यवस्था

### ९. पर्यटन केन्द्रको स्थापना र सञ्चालन :

यस निर्देशिकामा तोकिएका कामहरूका अतिरिक्त र यसअघि स्वीकृत भएको उपमहानगरपालिकाको संगठन तथा व्यवस्थापन सर्वेक्षण प्रतिवेदनमा उल्लिखित कार्यहरू सम्पादन गर्ने गरी जनकपुरधाम पर्यटन केन्द्र संचालन हुनेछ । सो केन्द्रको सञ्चालन, व्यवस्थापन र बजेटसम्बन्धी व्यवस्था उपमहानगरपालिकाले तोकेबमोजिम हुनेछ ।

### १०. पर्यटन केन्द्रको प्रमुख तथा अन्य जनशक्तिको व्यवस्थापन :

(१) जनकपुरधाम पर्यटन केन्द सञ्चालन तथा व्यवस्थापनका लागि जनकपुरधाम उपमहानगरपालिकाले यस उपमहानगरपालिकाको संगठन तथा व्यवस्थापन सर्वेक्षण प्रतिवेदनमा उल्लेखित प्रावधान बमोजिम केन्द्रको प्रमुख रूपमा कर्मचारी व्यवस्थापन गर्नेछ, पर्यटन विकास सल्लाहकार तथा अन्य आवश्यक जनशक्तिको व्यवस्थापन गर्नेछ ।

(२) पर्यटन केन्द्रको प्रमुख व्यवस्थापन नहुन्जेल वा अर्को व्यवस्था नभए सम्मका लागि प्रमुख प्रशासकीय अधिकृतले तोकेको कर्मचारीले केन्द्रको तदर्थ (Ad-Hoc) प्रमुखको रूपमा कार्य सम्पादन गर्नेछ । यस केन्द्रले प्रमुख प्रशासकीय अधिकृतप्रति उत्तरदायी र उपमहानगरपालिका प्रमुखको निर्देशनमा कार्यहरू प्रभावकारी रूपमा कार्यान्वयन गर्नु गराउनु पर्नेछ ।

### ११. पर्यटन केन्द्रको काम, कर्तव्य र अधिकार :

यस केन्द्रले देहायका कार्यहरू प्रभावकारी रूपमा कार्यान्वयन गर्नु, गराउनु पर्नेछ :

- उपमहानगरपालिकाको पर्यटन विकाससम्बन्धी वार्षिक कार्यक्रम तथा बजेट तर्जुमा गर्ने कार्यमा सहयोग र स्वीकृत कार्यक्रम कार्यान्वयनसम्बन्धी कार्य,
- भाषा, संस्कृति, सम्पदा र ललितकलाको संरक्षण र विकाससम्बन्धी स्थानीयस्तरको नीति, मापदण्ड, योजना कार्यान्वयन सम्बन्धी कार्य,
- मिथिला कलाको संरक्षण तथा भाषा र संस्कृति प्रवर्द्धन र विकाससम्बन्धी कार्य,
- उपमहानगरपालिकामा परम्परागत रूपमा चलिआएका जात्रा तथा पर्वको सञ्चालन र व्यवस्थापनसम्बन्धी कार्य

- पुरातत्व, प्राचीन स्मारक तथा संग्रहालयको संरक्षण, सम्भार, प्रवर्द्धन र विकाससम्बन्धी कार्य गर्ने र ती कार्यका लागि सहयोग जुटाउन पहल गर्ने कार्य
- उपमहानगरपालिकाको पर्यटकीय महत्वका स्थल तथा सम्पदाको पहिचान, संरक्षण र प्रवर्द्धनसम्बन्धी कार्य,
- पर्यटन पूर्वाधार विकासमा सहयोग तथा प्रोत्साहन सम्बन्धी कार्य,
- परम्परागत तथा पौराणिक नाच-गान तथा चाड पर्वहरूको संरक्षण र संवर्द्धन कार्य,
- समुदाय विशेषका परम्परा, संस्कृति र रहन सहनको संरक्षण र संवर्धन कार्य,
- उपमहानगर भित्रका पोखरी तालतलैया तथा प्राकृतिक स्थानहरूमा पर्यटन विकास सम्बन्धी कार्य,
- पर्यटनमा निजी तथा व्यावसायिक क्षेत्रलाई प्रोत्साहनका कार्यक्रमहरू सम्बन्धी कार्य,
- पर्यटन प्रवर्द्धनका लागि स्तरीय होटेल तथा रेस्टुरेन्टको सञ्चालनमा व्यवस्थापकीय सहयोग, प्रोत्साहन र नियमन सम्बन्धी कार्य,
- पर्यटन प्रवर्द्धनका लागि सरोकारवालाहरूसँग छलफल, अन्तरक्रिया तथा क्षमता विकाससम्बन्धी कार्य,
- जनकपुरधाम पर्यटन समन्वय समितिको सचिवालय सम्बन्धी कार्य
- विविध

## **परिच्छेद (६)**

## **समन्वय समिति- कार्यदलको गठन, बैठक सञ्चालनसम्बन्धी व्यवस्था**

**१२. समन्वय समिति- कार्यदल** गठन :

जनकपुरधामको पर्यटन प्रवर्द्धन र विकासका लागि समन्वय समितिको कार्य सम्पादन सम्बन्धमा आवश्यक सुझाव र परामर्श तथा सहयोग सल्लाह दिन समन्वय समितिको एक सदस्यको संयोजकत्वमा बढीमा ५ सदस्यीय समन्वय समिति- कार्यदल गठन गरिने छ :

**१३. कार्यदलको बैठक सञ्चालन सम्बन्धी व्यवस्था** :

कार्यदलले आफैंले निर्धारण गरेको कार्यविधि अनुसार बैठक सञ्चालन हुनेछ ।

## **परिच्छेद (७)**

## **समन्वयसमिति-** जनकपुरधाम सम्पदा तथा स्वंयसेवक ब्यूरो ( Janakpurdham Heritage and Volunteer Bureu-JHVBureu, जेएचभी ब्यूरो ) गठन **तथा सञ्चालनसम्बन्धी व्यवस्था**

**१४. समन्वय समिति-** जेएचभी ब्यूरो गठन :

जनकपुरधामको सम्पदा संरक्षण तथा पर्यटन प्रवर्द्धन र विकासका लागि समन्वय समितिको कार्य सम्पादन सम्बन्धमा आवश्यक सुझाव ,परामर्श र सहगोग दिन तथा सम्पदा संरक्षण , पर्यटन प्रवर्द्धन र

विकासको अभियानमा स्वंयसेवक सेवा प्रदान गर्न गराउन समन्वय समितिको अध्यक्षको अध्यक्षतामा नगर प्रमुखले स्वंयसेवक ,सम्वन्धित समाजसेवी, महिला, विज्ञ, नगर उप प्रमुख, प्रमख प्रशासकीय अधिकृत, लेखा प्रमुख समामावेश गरी बढीमा ९(नौ) सदस्यीय समन्वय समिति- जेएचभी ब्यूरो गठन गरिने छ भने ब्यूरोमा स्वंयसेवक भई कार्य गर्ने व्यक्तिले स्दस्यता लिन सक्नेछ ।

**१५. जेएचभी ब्यूरो सञ्चालन सम्बन्धी व्यवस्था :**

जेएचभी ब्यूरोले आफैंले निर्धारण गरेको कार्यविधि अनुसार सञ्चालन हुनेछ ।

## परिच्छेद (७)

## विविध

**१६. आन्तरिक कार्यविधि :**

समन्वय समिति र समन्वय समिति-कार्यदल बैठक सञ्चालन, निर्णय प्रमाणित गर्ने, आफ्नो पत्राचारलगायतका आन्तरिक कार्यविधिका सम्बन्धमा समितिको निर्णय अनुसार व्यवस्था गर्न सक्नेछ ।

**१७. वार्षिक प्रतिवेदन पेस गर्ने :**

समन्वय समिति , समन्वय समिति**- कार्यदल** , समन्वय समिति**-** जेएचभी ब्यूरो, पर्यटन केन्द्र तथा समन्वय समितिसित सम्वन्धितले आफ्नो आय-व्ययको विवरण सहित आर्थिक वर्ष भरिमा सञ्चालित क्रियाकलापहरू र आगामी आर्थिक वर्षको प्रस्तावित गतिविधिसमेत उल्लेख भएको आफ्नो वार्षिक प्रतिवेदन जेठ महिनाभित्र कार्यपालिकामा पेस गर्नुपर्ने छ । कार्यपालिकाले ती प्रतिवेदन उपर छलफल गरी समन्वय समिति र पर्यटन केन्द्रलाई आवश्यक निर्देशन दिन सक्नेछ ।

**१८. बजेटसम्बन्धी व्यवस्था :**

समन्वय समिति , समन्वय समिति**- कार्यदल** , समन्वय समिति**-** जेएचभी ब्यूरो, पर्यटन केन्द्र तथा समन्वय समिति सित सम्वन्धित कार्यका लागि आवश्यक पर्ने बजेट उपमहानगरपालिकाले प्रचलित कानुनबमोजिम पर्यटन शीर्षकमा विनियोजन गर्नेछ । सोको आय-व्यय विवरण प्रचलित कानुनबमोजिम लेखापरीक्षण गराउनु पर्नेछ ।

**१७. बाधा अडकाउ फुकाउन सक्ने :**

यस कार्यविधि कार्यान्वयनका क्रममा कुनै बाधा अडचन आएमा कार्यपालिकाले त्यस्तो बाधा अडकाउ फुकाउन सक्नेछ ।

**१८. कार्यविधिको परिमार्जन, संशोधन र खारेजी :**

उपमहानगरपालिकाको निर्णय अनुसार यस समन्वय समितिको कार्यविधिमा परिमार्जन, संशोधन हुन सक्नेछ ।

«««««« समाप्त !!